# देवदह नगरपालिका, नगर कार्यपालिकाको २०८१ फाल्गुण २७ गतेको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | चालु आर्थिक वर्ष ०८१/०८२ मा ठेक्का प्रक्रियामा गएका योजनाहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल गरि समय सिमाभित्र निर्माण सम्पन्न गर्न सम्बन्धित शाखा र निर्माण व्यवसायीलाई निर्देशन दिने। | |
| २ | चालु आर्थिक वर्ष ०८१/०८२ मा उपभोक्ता समितिबाट सम्पादन भएका आयोजना कार्यान्वयको अवस्थाका सम्बन्धमा छलफल गरि मिति २०८२ जेठ १५ गतेभित्र आयोजनाहरुको फरफारक सक्न समयसिमा निर्धारण गर्ने। | |
| ३ | देवदह नगरपालिका मातहत शाखा तथा वडा कार्यालयबाट कार्यान्वियन गर्ने गरि सम्पन्न हुन बाँकी योजना तथा कार्यक्रमको मिति २०८२ बैशाख मसान्तभित्र आयोजनाको फरफारक सक्न समयसिमा निर्धारण गर्ने। | |
| ४ | शहरी उत्थानशीलता तथा जीवनयापन सुधार आयोजना (URLIP) अन्तर्गत नगरपालिका भित्र निर्माण तथा संचालन हुने आयोजनाहरुमा कोषको लगानीका सन्दर्भमा यस नगरपालिकाको तर्फबाट कोषसँग समन्वयका लागि इन्जिनियर श्री राजकुमार यादवलाई आवश्यक कागजातहरु सहित पठाउने । | |
| ५ | देवदह नगरपालिका भएर बग्ने चुरे क्षेत्र अन्तरगत पर्ने खोलाहरु क्रमशः घोडाहा दाउन्ने खोला, घोडाहा सरन खोला, भलुही खोला र चरङ्गे खोलाहरुको नदिजन्य पदार्थ श्री राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमति अनुसारको परिमाण र रोहिणी खोला ड्याममा रहेको नदिजन्य पदार्थको IEE र प्राविधिक प्रतिवेदन अनुसारको परिणामको ठेक्का प्रक्रिया अगाडी बढाउने। | |
| ६ | देवदह नगरपालिकाको हालसम्मको आय व्यय विवरण माथि छलफल गरि र हरेक महिनाको ७ गतेभित्र आर्थिक प्रशासन शाखाले स्वतः आय व्ययको विवरण प्रकाशन गर्ने। | |
| ७ | नगर स्तरीय अनुगमन समितिद्धारा पेश भएको चालु आ.व. मा हालसम्म संचालन भएका आयोजनाहरुको अनुगमन प्रतिवेदन माथि छलफल गरि अनुमोदन गर्ने। | |
| ८(क) | देवदह नगरपालिका वडा नं. १२ बस्ने तारादेवी छन्त्यालको औषधी उपचारार्थ रु.४०,०००/- आर्थिक सहयोग उपलब्ध गराउने। | |
| ८(ख) | देवदह नगरपालिका वडा नं. १० बस्ने दिनेश के.सी. को औषधी उपचारार्थ रु.४०,०००/- आर्थिक सहयोग उपलब्ध गराउने। | |
| ८(ग) | देवदह-२ शिवालय टोल बस्ने मित्र प्रसाद अधिकारीको औषधी उपचारार्थ रु.४०,०००/- आर्थिक सहयोग उपलब्ध गराउने। | |
| ८(घ) | अनुराग साहित्य समाज, नेपालको आयोजनामा कवि नवराज पराजुलीको विशेष कविता वाचन कार्यक्रमका लागि रु. १,५०,०००/- रकम विनियोजन गर्ने। | |
| ८(ङ) | देवदह वौद्ध विहारको धम्म यात्रा कार्यक्रमका लागि रु. १,००,०००/- रकम विनियोजन गर्ने । | |
| ८(च) | संगिनी महिला बचत तथा ऋण सहकारी संस्था लि. देवदह-६ शिवालय टोल, रुपन्देहीको संस्थाका समिति/उपसमिति नेतृत्व विकास तथा उद्घोषण तालिम सञ्चालनका लागि संगिनी महिला बचत तथा ऋण सहकारी संस्थाले कम्तिमा ३० प्रतिशत लागत सहभागिता गर्ने गरी रु. ५०,०००/-रकम विनियोजन गर्ने। | |